# Small, low intensity and community forests
# Forest Stewardship Council

**briefing note 2**

## वातावरणीय प्रभावको मूल्यांकन

असल वन व्यवस्थापनले वन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा पर्न सक्ने सामाजिक तथा वातावरणीय असरहरुको मूल्यांकन गर्नुपर्ने पक्षलाई समेत समावेश गर्नुपर्दछ । सामाजिक प्रभावको मूल्यांकन र अनुगमन सम्बन्धी जानकारी ब्रिफिङ नोट ३ मा दिइएको छ ।

वातावरणीय प्रभाव प्रत्यक्ष हुनसक्छ जस्तै सडक बनाउँदा रुखहरु ढाल्नुपर्ने अथवा किटनाशक औषधिले चरा र किरा फट्यांग्रामा पर्ने असर अथवा अप्रत्यक्ष पनि हुन सक्छ जस्तै वन सम्बर्धन र कटान संकलन कार्यको लागि बनेको सडक चोरी शिकारी गर्न समेत प्रयोग हुन सक्छ । सकारात्मक प्रभाव जस्तै वनको नयाँ किसिमको संरचनाको कारणले चराहरुको विविधता बढ्ने हुन्छ, अथवा नकारात्मक प्रभाव जस्तै रसायनहरुको कारणले खानेपानी प्रदुषित हुन जान्छ ।

वातावरणीय प्रभाव मूल्यांकन गर्दा

- संभावित असरहरु र तिनको असर कतिसम्म हुन्छ पत्ता लगाउने
- कुन हदसम्मको असर चाहिँ स्वीकार गर्न सकिन्छ मूल्यांकन गर्ने
- स्वीकार गर्न सकिने स्तरसम्म ल्याउनको लागि नकारात्मक असर कम गर्ने उपायहरु के के हुन्छन् खुलाउने

वातावरणीय प्रभाव मुल्यांकन (EIA) भनेको प्रस्तावित काम वा अपरेशनले प्राकृतिक वातावरणमा सकारात्मक वा नकारात्मक के कस्तो प्रभाव पार्न सक्छन् भन्ने कुराको मुल्यांकन नै हो । यसो गर्नुको मुख्य उद्देश्य भनेको नै वन व्यवस्थापकले वातावरणीय प्रभावलाई आत्मसात गरेको छ र मूल्यांकनले देखाए अनुसार आफ्नो योजनामा सम्भावित नकारात्मक असर कम गर्ने गरी आवश्यक परिवर्तन गर्छ भन्ने कुराको सुनिश्चित गर्नु हो ।

### यसलाई सरल बनाऔं

एफ.एस.सी. लाई कामको प्रकृति अनुसार नै प्रभाव मूल्यांकनको स्तर निर्धारण हुन्छ भन्ने कुरा स्पष्ट छ । त्यसकारण सानो लेवलको कटान भइरहेको छ भने मूल्यांकन पनि तुलनात्मक रुपमा सरल नै हुन्छ । साधारण वन वर्धन कार्यको लागि वृहत्तर वातावरणीय मूल्यांकन गर्नु नभएको भविष्याको लागि यो यो हुनुपर्छ भन्ने किसिमको सुझावमात्र रेकर्ड गर्नु हो । यसले त नकारात्मक सोचको पो विकास गराउँछ । जस्तै यसका नकारात्मक असरहरु के के हुन्छन् ? अथवा गर्न खोजेको काम कसरी बिग्रन्ट भन्ने मात्र लेखिन्छ । हामीले कस्तो किसिमको असरहरु पर्न सक्छन् भन्ने कुराको अड्कल गर्न सकियो भने ती असरहरु नआउने गरी काम गर्न गराउन सकिन्छ । उदाहरणको लागि सडक निर्माण गर्दा सडकको दाँयाबाँया पानीले माटो खोल्दै भत्काउँदै भुक्षय हुन्छ भन्ने कुरा हामीले पहिले सोच्ने हो भने सडक बनाउँदा नै ढल निर्माणमा जोड दिन सकिन्छ ।

### अरुसँग परामर्श गर्नुहोस्

आफ्नो कार्यक्षेत्र सानो छ अथवा निश्चित किसिमको अध्ययन गराउन आवश्यक पर्ने श्रोत जुटाउन सकिदैन भने अरुको रायसल्लाह लिने काम झन महत्वपूर्ण हुन्छ । तपाईको वन क्षेत्र, तपाईले गर्न खोजेको काम -जस्तै सडक निर्माण) यसले पार्न सक्ने प्रभाव अथवा नकारात्मक असर कम गर्न अपनाउन सकिने उपयुक्त विधिको बारेमा पर्याप्त जानकारी भएका मानिससँग परामर्श गर्नुपर्दछ । आफ्नो क्षेत्रमा काम गर्ने व्यवसायिक वन प्राविधिक, जीव विज्ञ अथवा वातावरणविदहरुले प्राकृतिक वातावरणमा पर्न सक्ने असर। कम गर्न के के गर्न सकिन्छ भन्ने कुराको राम्रो सल्लाह दिन्छन् । काम गर्न छनौट गरेको ठेकेदार (जस्तै कटान गर्न वा सडक बनाउने) सँग मात्रै राय सल्लाह, परामर्श लिनु त्यति उपयुक्त हुँदैन किनकी उनीहरु आफुलाई फाइदा पुग्ने र सजिलो हुने कुरामात्र सुझाव दिन्छन् ।

### एफ.एस.सी.का सिद्धान्त तथा आधारहरुमा यो सम्बन्धि प्रावधान

**सिद्धान्त छ : वातावरणीय प्रभाव**

एफ.एस.सी.ले वातावरणीय प्रभाव मूल्यांकन गरेको र यसलाई व्यवस्थापन योजनामा समावेश गरेको छ भन्ने कुरा खोज्दछ । यस्तो मूल्यांकनमा भुदृश्यस्तरका असरदेखि प्रशोधनस्थल सम्म पर्ने प्रभावलाई समेटेको हुनु पर्दछ । यस्तो मूल्यांकन काम शुरु हुनु अगावै गरिसक्नु पर्दछ । यस्तो मुल्यांकन वन व्यवस्थापको दायरा र सघनतासँग मिल्ने तथा असर पर्ने श्रोतको अद्धितिय महत्व अनुसारकै गर्नुपर्दछ भन्ने कुरा जोड दिएको छ ।


© Tim Rayden / ProForest


© Chris Stewart / ProForest


© Alex Gozzi / ProForest


© Dawn Robinson / ProForest

तल दिइएका २ किसिमका असरहरुमा विचार पुऱ्याउनु पर्दछ ।

- वन सम्बर्धनको समग्रतामा पर्ने असर
- . वातावरणीय हिसाबले नोक्सानी हुने खास काम गर्दा पर्ने निश्चित प्रभाव

विर्सनै नहुने महत्वपूर्ण कुरा भनेको कुनै नकारात्मक असर त देखिने होईन ? यदि हो भने त्यस्ता असर आउनु अगाडि नै आफ्नो योजनालाई परिमार्जन गरी नकारात्मक असर कम गर्ने तर्फ लाग्नु पर्छ भन्ने हो ।

## १. वन सम्बर्धनको समग्र प्रभाव

तपाईको योजना अनुसार दीर्घकालिन र समग्र प्रभाव के हो ? यदि तपाईले नयाँ काम - जस्तै वृक्षारोपण) गर्दै हुनुहुन्छ भने चाहिँ यो स्तरको मूल्यांकन महत्वपूर्ण हुन्छ । नजिक नजिक नै विभिन्न किसिमका वन सम्बर्द्धनका कामहरु गरी राख्नुभएको छ भने पनि यो उजुरी हुन सक्छ । तर सानो खालका वन सम्बर्धनका कामहरु मात्र हुन भने यो स्तरको मूल्यांकन त्यति उपयोगी हुन्न । यस्तो मुल्यांकनले वनमा कस्तो किसिमको फेरवदल भयो, विरुवा उत्पादन र पानी व्यवस्थापनमा कस्तो परिवर्तन देखियो र समग्रमा जैविक विविधता प्रबर्धनमा वनको कस्तो प्रभाव पऱ्यो भन्ने कुरा विचार गर्नुपर्दछ । *An example: a lot of very small woodlots on the sides of a river valley could have a very major impact (positive or negative) on water provision downstream. Before making radical changes to the management or extraction, the woodlot owners and the group manager should consider the downstream consequences.*

## २. प्रत्यक्ष र अप्रत्यक्ष प्रभावको निश्चित मूल्यांकन

यसतो मूल्यांकन चाहिँ निश्चित काम सम्पन्न गर्दा त्यसले वातावरण नोक्सानी नहोस् भन्ने कुराको सुनिश्चित गर्नको गरिन्छ । सानो स्केलमा नै गरिए पनि वातावरणमा तुरुन्तै असर गर्ने केही कामहरु यी हुन् :

- रख ढाल्ने -कहिले र कसरी रुख ढालिए)
- गुडाउने बाटो -कसरी र कहाँबाट मुडाहरु बाहिर ल्याइयो)
- रसायनको प्रयोग -जस्तै किटनाशक औषधि)
- वृक्षारोपण -विशेष गरी आयातित प्रजाति)
- निर्माण (प्रशोधन मेसिन, समिल, आवास तथा गोदामहरु)
- फोहोर मिल्काउने (समिलको फोहोर, इन्धन÷तेल÷विषादीका भाँडारु आदि कसरी र कहाँ थुपारिन्छन् )

साना कामहरुको हकमा वातावरणीय प्रभाव भनेको तपाईले दिनदिनै जुन जुन कामहरु गर्नुहुन्छ, गर्नु अगाडि आफ्नो कमनसेन्स प्रयोग गर्नुहोस् । केही काम गर्नु अगाडि त्यसबाट पर्न सक्ने असरको बारेमा सोच्ने हो । तस तपाई नयाँ काम गरिराख्नु भएको छ भने अथवा नयाँ स्थानमा क्लतभचखबलभ गर्दै हुनुहुन्छ भने चाहि औपचारिक मूल्यांकन गराउनुहोस् ।

## परिवर्तन गर्ने

**काम गरिहाल्नुहोस् :** नकारात्मक प्रभावको मुल्यांकन होसियारीपूर्वक गर्नुहोस्, चुप नलाग्नुहोस्, तत्कालै त्यस्ता प्रभाव कम गर्न काम थाली हाल्नुहोस्, समस्या देखिए भने आफ्नो काम गर्ने तरिका परिवर्तन गर्नुहोस् जस्तै रुख ढाल्ने वा विषादी छर्कने तरिका बदल्नुहोस् । स-साना कामको ⁃ भनेको ⁃ लेखिएका ठूलठूला रिर्पोट बनाउने होइन, यो त सम्भावित समस्या पत्ता लगाउने र समस्या आउनै नदिनु पो हो त । यस अन्तर्गत वन सम्बर्धन कार्य कसरी गर्न सकिन्छ भन्ने निर्णय गर्ने काम पर्दछन् । उदाहरणको लागि दुर्लभ वन नोक्सानी हुन्छ भन्ने तपाईलाई लागेको छ भने तपाईले कटान योजनामा परिवर्तन गरी काठ घिसार्ने गोरेटाहरु एकदमै थोरै बनाउने निर्णय लिन सक्नुहुन्छ ।

ङतपाईले उक्त मानिसलाई पनि मनाउन सक्नुपर्दछ । यदी ठूला ठूला निर्माणका काम बाहिरी ठेकेदारमार्फत गराउँदै हुनुहुन्छ भने उनीहरुसँग बसेर वातावरणीय प्रभाव बारे आफ्नो चासो बारे छलफल गर्नुस् । उनीहरुलाई प्रष्ट रुपमा भनिदिनुहोस् कि यो यो कुरा नगर्नुहोला र उपयुक्त तरिकामा सहमति दिनुहोस् ।

**उदाहरणको** लागि ठेकेदारसँग काम सम्पन्न भएपछि रहेका फोहोरहरु जस्तै इन्धनका ड्रमहरु, विषादीका भाँडासमेत सुरक्षित तरिकाले विसर्जन गर्ने गरी सम्झौता गर्नुस् ।

## अनुगमन

यदि तपाईले सम्भावित असर पहिल्याउनु भएको छ र सोही बमोजिम असर कम गर्नको लागि आफ्ना योजनामा परिवर्तन गर्नुभएको छ भने पनि साँच्चिकै अभ्यासमा चाहिँ के भयो त भन्ने कुरा चेक गर्न भन्ने नभुल्नु होला । अर्को शब्दमा भन्ने हो भने स्थलगत रुपमै चाहिँ कस्ता कस्ता असर परेका छन् तिनको अनुगमन गर्नुस् भन्ने हो ।

### थप जानकारी

अनुगमन सम्बन्धी थप जानकारी चाहिएमा ब्रिफिङ नोट ५ ( सरल अनुगमन तरिका) र ब्रिफिङ नोट ४ (उच्च महत्वका वन र जैविक विविधता) हेर्न सकिन्छ ।